Security Council
संयुक्त राष्ट्रसंघ
सुरक्षा परिषद्

Distr.: General
23 January 2007

# निर्णय १७४० (सन् २००७)

## सुरक्षा परिषद्द्वारा यसको ५६२२औं बैठक, २३ जनवरी २००७ मा पारित

*सुरक्षा परिषद्,*

नेपाल सरकार र नेकपा (माओवादी) ले नोभेम्बर २१ तारिखमा बृहत् शान्ति सम्झौतामा गरेको हस्ताक्षरको *स्वागत गर्दै* र वर्तमान युद्धविरामलाई स्थायी तथा दिगो शान्तिमा रूपान्तरण गर्न दुवै पक्षबाट भएको प्रतिबद्धता एवं सम्झौता कार्यान्वयन गर्न आजको मितिसम्म चालिएका कदमको सराहना गर्दै,

दुवै पक्षबाट सम्झौताका मुख्य विषयहरू कार्यान्वयन गर्न र विशेषगरी दुवै पक्षका हतियार तथा सैन्य व्यवस्थापनका लागि गरिएका व्यवस्थाहरूको अनुगमन गर्न तथा निर्वाचनको अनुगमन गर्न संयुक्त राष्ट्रसंघको सहायताको लागि गरिएको अनुरोधलाई *दृष्टिगत गर्दै,*

महासचिवको २२ नोभेम्बर २००६ को पत्र (एस/२००६/९२०) तथा अध्यक्षको १ डिसेम्बरको वक्तव्य (एस/पीआरएसटी २००६/९२०) को *स्मरण गर्दै* र नेपालमा उच्चस्तरीय अनुगमनकर्ता तथा निर्वाचनसम्बन्धी कर्मचारीहरू पठाउने काममा भएको प्रगतिको स्वागत गर्दै,

नेपाली जनताको शान्ति तथा लोकतन्त्र पुनर्बहालीको दृढ इच्छा तथा यस सन्दर्भमा बृहत् शान्ति सम्झौता कार्यान्वयनको महत्त्वलाई मनन गरी सम्बद्ध पक्षहरूलाई सो गतिशीलता कायम राख्न *प्रोत्साहित गर्दै,*

बृहत् शान्ति सम्झौतामा उल्लेख गरिएअनुसार शान्ति प्रक्रियामा महिला, बालबालिका तथा परम्परागत रूपमा सीमान्तीकृत समूहहरूको आवश्यकतामा विशेष ध्यान पुऱ्याउनुपर्छ भन्ने कुरा *मनन गर्दै,*

बृहत् शान्ति सम्झौताका पक्षहरूबाट गरिएको अनुरोध एवं प्राविधिक समीक्षा टोलीले पत्ता लगाएका कुराको आधारमा महासचिवद्वारा ९ जनवरी २००७ मा प्रस्तुत प्रतिवेदन (एस/२००७/७) मा गरिएका सिफारिसहरूलाई *ध्यानमा राख्दै,*

समयमै बृहत् शान्ति सम्झौताको प्रभावकारी कार्यान्वयन गरी नेपालको शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन आफू तयार रहेको विचार *व्यक्त गर्दै,*

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राजनीतिक स्वतन्त्रता एवं बृहत् शान्ति सम्झौताको कार्यान्वयनमा उसको स्वामित्वमा *जोड दिँदै,*

महासचिव, उहाँका निजी प्रतिनिधि, नेपालस्थित संयुक्त राष्ट्रसंघको मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय र संयुक्त राष्ट्रसंघका अन्य प्रतिनिधिहरूलगायत संयुक्त राष्ट्रसंघको नेपालस्थित सबै टोलीका प्रयासहरूको *प्रशंसा गर्दै,*

१. महासचिवका विशेष प्रतिनिधिको नेतृत्वमा र महासचिवद्वारा प्रतिवेदनमा गरिएका सिफारिसमा आधारित निम्न कार्यदिश रहेको संयुक्त राष्ट्रसंघीय राजनीतिक मिसन (अन्मिन) नेपालमा स्थापना गर्ने *निर्णय गर्दछ:*

क) बृहत् शान्ति सम्झौतामा व्यवस्था भएअनुरूप दुवै पक्षका हतियार र सैन्य व्यवस्थापनको अनुगमन गर्ने,

ख) सम्झौतामा व्यवस्था भएबमोजिम दुवै पक्षका हतियार र सैनिक व्यवस्थापनसम्बन्धी उनीहरूबीच भएको सम्झौताको कार्यान्वयन गर्न संयुक्त अनुगमन समन्वय समितिको माध्यमबाट दुवै पक्षलाई सहयोग गर्ने,

ग) युद्धविरामको व्यवस्थाको अनुगमनमा सहयोग पुऱ्याउने,

घ) दुवै पक्षसँगको परामर्शमा स्वतन्त्र र स्वच्छ वातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न गराउन र त्यसका लागि योजना एवं तयारी गर्न प्राविधिक सहयोग उपलब्ध गराउने,

ङ) निर्वाचन प्रक्रियाका सम्पूर्ण प्राविधिक पक्षहरूको समीक्षा गर्न निर्वाचन अनुगमनकर्ताहरूको एउटा सानो टोली पठाउने तथा निर्वाचनबारे प्रतिवेदन दिने।

२. विशेष परिस्थितिलाई ध्यानमा राखी अन्मिनको कार्यदिशको अवधि यो निर्णय पारित भएको दिनदेखि १२ महिनाको हुने निर्णय गर्दछ र सीमित अवधिभित्र मूल उद्देश्यमा केन्द्रित रहेर मिसनले कार्य गर्नेछ भन्ने महासचिवको अपेक्षाअनुरूप यसको म्याद थप्ने वा नथप्ने विषय नेपाल सरकारको अनुरोधमा निर्भर रहनेछ।

३. महासचिवका विशेष प्रतिनिधिले नेपालको शान्ति सम्झौतामा सहयोग पुऱ्याउन नेपालका अन्य पक्षहरूसँगको परामर्श तथा अन्य अन्तर्राष्ट्रिय पक्षहरूको निकट सहयोगमा नेपालमा संयुक्त राष्ट्रसंघका प्रयासहरूको संयोजन गर्ने प्रस्तावको *स्वागत गर्दछ*।

४. सुरक्षा परिषद्लाई यस निर्णयको कार्यान्वयनमा भएको प्रगति सम्बन्धमा नियमित रूपमा जानकारी गराउन महासचिवलाई *अनुरोध गर्दछ*।

५. यस कार्यदिशबमोजिम कार्य गर्न गराउन खटिएका अन्मिन र त्यससित सम्बन्धित कर्मचारीको आवागमनको स्वतन्त्रता तथा सुरक्षाको प्रवर्द्धन गर्नका लागि आवश्यक पर्ने कदम चाल्न नेपालका सम्बद्ध पक्षहरूसमक्ष *आग्रह गर्दछ* ।

६. यस विषयलाई ध्यानमा राखिराख्ने *निर्णय गर्दछ* ।



[UNMIN Translation of Security Council Resolution 1740 (2007), as of Tuesday, 19 June 2007]